*Academic Journal of Sukuna – AJoS : A Peer-reviewed Journal*
*(Special Issue on Nepali Language and Literature)*
*Vol. 4, Issue 1: 2024 May (2081 Jetha), PP 1- 15*
*ISSN: 2594-3138 (Print)*
*Research Management Cell (RMC-Sukuna), Sundarharaincha, Morang*

# मसान नाटकमा लैङ्गिक उत्पीडन र प्रतिरोध

उमादेवी गुरागाईं

*उपप्राध्यापक, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ।*
guragainsita2014@gmail.com

## लेखसार

प्रस्तुत लेखमा गोपालप्रसाद रिमालद्वारा लेखिएको *मसान* नाटकलाई लैङ्गिकतासम्बन्धी सैद्धान्तिक मान्यताअन्तर्गत लैङ्गिक उत्पीडन र प्रतिरोध चेतनाका आधारमा विश्लेषण गरिएको छ। यसमा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाको सैद्धान्तिक मान्यता प्रस्तुत गर्नाका साथै नाटकमा अभिव्यक्त लैङ्गिक विभेद, त्यसमा पनि मूलतः नारीमाथिको उत्पीडन र त्यसका विरुद्ध उनीहरूले गरेका प्रतिकारको निरूपण गरिएको छ। त्यसैले यसलाई लैङ्गिकताका धरातलबाट विशेष गरी भेदभाव र शोषणमा आधारित सामाजिक अवस्थाको विश्लेषणमा केन्द्रित गरिएको छ। यसका लागि लैङ्गिक उत्पीडनका सन्दर्भ तथा पक्षहरूअन्तर्गत पितृसत्तात्मक सामाजिक परिवेश र स्थापित पुरातन सांस्कृतिक मूल्यभित्र नारीका अवस्थितिको खोजी गरिएको छ। नाटकमा अभिव्यक्त लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका सन्दर्भको अध्ययन गरेपश्चात् त्यस नाटकमा लैङ्गिक उत्पीडन, अझ विशेषतः नारी उत्पीडनविरुद्धको प्रतिरोधी चेतना सशक्त रहेको निष्कर्षमा पुगिएको छ।

*शब्दकुञ्जीः* उत्पीडन, प्रभुत्वशाली, लैङ्गिकता, मातृत्वहक, प्रतिरोध, पितृसत्ता

## विषयपरिचय

गोपालप्रसाद रिमाल (१९७५–२०३०) द्वारा लिखित *मसान* सामाजिक यथार्थलाई चित्रण गरिएको नाटक हो। रिमालका *मसान* (२००३) र *यो प्रेम !* (२०१५) गरी दुईवटा नाटक र *माया* (२०१०) एकाङ्की प्रकाशित देखिन्छन्। समाजमा विद्यमान शोषण, अन्याय, अत्याचार, दमन तथा हिंसाका सन्दर्भलाई नाटकमा मुख्य विषयवस्तु बनाएर प्रस्तुत गर्ने रिमाल प्रगतिवादी वैचारिकतातर्फ उन्मुख नाटककार हुन्। प्रस्तुत नाटकमा पितृसत्तात्मक सामाजिक संरचनाभित्र महिलाको यथास्थितिप्रतिको असन्तुष्टि तथा विद्रोहका साथै अस्तित्वको खोजी गरिएको छ। यस नाटकमा श्रीमान्द्वारा मातृत्व हनन गरिएकी युवती (हेलेन) र सन्तान प्राप्तिका लागि विवाह

गरेर उपेक्षाका मन्दविषले मृत्युका मुखमा पुऱ्याइएकी दुलहीका जीवनकथालाई कथ्य बनाएर तत्कालीन समाजमा विद्यमान रहेको सामाजिक तथा लैङ्गिक विभेदको चित्रण गरिएको छ। यहाँ विभेदकारी सामाजिक संरचनाका कारण लैङ्गिक रूपमा उत्पीडित हुन पुगेको वर्ग वा समुदाय र त्यसका विरुद्ध उनीहरूले प्रत्यक्ष र परोक्ष रूपमा उठाएका प्रतिरोधी चेतनालाई मुख्य विषयका रूपमा प्रस्तुत गरिएको पाइन्छ। यसले तत्कालीन विमर्शात्मक संरचनाको सामाजिक शासन व्यवस्थाका कारण सिर्जित लैङ्गिक असमानतालाई समेटेको हुँदा प्रस्तुत नाटक लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतना अध्ययनका दृष्टिले महत्त्वपूर्ण देखिन्छ। यहाँ पुरुषहरूले महिलालाई केवल यौनतृप्तिको साधन ठान्ने र त्यो प्राप्तिका लागि सहमति वा जबरजस्ती जुनसुकै विधि अपनाउने परिस्थितिको उल्लेख गरेर प्रभुत्वशाली वर्गले अधीनस्थ वर्गमाथि आफ्नो वर्चस्व कायम गरी उत्पीडित बन्न बाध्य गराइएको तथ्य प्रस्तुत गरिएको छ।

कुनै व्यक्ति महिला वा पुरुष वा तेस्रो लिङ्ग भएकै कारण उसलाई शारीरिक वा मानसिक रूपमा आघात पुग्ने गरी गरिने जस्तोसुकै हिंसालाई लैङ्गिक उत्पीडन भनिन्छ। लैङ्गिक उत्पीडनमा महिलामात्र होइन, पुरुष पनि परेको देखिन्छ। त्यसै गरी विभेदकारी सामन्ती शक्तिकेन्द्र वा राज्यसत्ताका विरुद्धमा जागरुक भई आफ्नो हक, अधिकार वा अवसरका लागि क्रियाशील भएर आवाज उठाउन सक्ने चेतना नै वास्तवमा प्रतिरोधी चेतना हो। कृतिमा उत्पीडितका लागि को र कसरी बोलेको छ, कृतिमा पात्र आफैँ बोलेको छ कि लेखक बोलेको छ भन्ने कुरा यसअन्तर्गत अध्ययन गरिन्छ। *मसान* नाटकमा प्रयुक्त नारी पात्रमाथिको लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध उनीहरूले गरेको प्रतिरोधी चेतनाको अवस्थाका अध्ययनमा यो आलेख केन्द्रित रहेको छ। नेपाली समाजमा लैङ्गिक विभेदमा परेका महिलाहरूको समस्या र उनीहरूमा पलाएको प्रतिरोधी चेतनालाई नाटकमा प्रखर रूपमा उठाइएको हुनाले लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका दृष्टिकोणबाट पनि यो नाटक अध्ययनीय देखिन्छ तर अहिलेसम्म यस कोणबाट प्रस्तुत नाटकको अध्ययन हुन नसकेकाले यही अभाव र विषयका अध्ययनीयतालाई दृष्टिगत गरी यस लेखमा *मसान* नाटकलाई विवेच्य सामग्री बनाई लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका कोणबाट विश्लेषण गरिएको छ।

*मसान* नाटकलाई लैङ्गिकतासम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्नु नै प्रस्तुत अध्ययनको मुख्य समाधेय समस्या हो। प्रस्तुत शोध समस्याको प्रामाणिक र प्राज्ञिक समाधानका लागि *मसान* नाटकमा लैङ्गिक उत्पीडन र प्रतिरोधको अवस्था केकस्तो रहेको छ भन्ने शोध्य प्रश्नसँग सम्बन्धित भई नाटकभित्र रहेको लैङ्गिक उत्पीडन र प्रतिरोधको अवस्था विश्लेषण गर्ने उद्देश्य राखिएको छ।

## अध्ययन विधि र सामग्री

अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलन र तथ्याङ्क विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा पर्दछन् । प्रस्तुत लेखमा गोपालप्रसाद रिमालद्वारा लेखिएको *मसान* नाटकको लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका आधारमा विश्लेषण गरिएको छ । यहाँ पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरेर *मसान* नाटकलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । कथा विश्लेषणको अवधारणा निर्माणका लागि लैङ्गिक उत्पीडन र प्रतिरोधसँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू र लेखहरूको उपयोग गरिएको छ । नाटकका बारेमा विभिन्न विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेखरचना तथा स्वतन्त्र अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यो साहित्यिक लेख भएकाले यसमा गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । त्यसमा पनि मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । *मसान* नाटकको सूक्ष्म पठन गरेर यसमा लैङ्गिक उत्पीडन र प्रतिरोधका सूचकको पहिचान गर्दै नाटकको विश्लेषण गर्ने काम गरिएको छ ।

प्रस्तुत अध्ययनमा तथ्याङ्क विश्लेषणको मुख्य सैद्धान्तिक आधार लैङ्गिक समालोचना सिद्धान्त हो । सांस्कृतिक समालोचनाअन्तर्गत पश्चिमी समालोचनाका क्षेत्रमा विकसित लैङ्गिक अवधारणाका आधारमा प्रस्तुत नाटकको विश्लेषण गर्दा यसमा प्रयुक्त विषयवस्तुका आधारमा नै सैद्धान्तिक पर्याधार निर्माण गरिएको छ । यसमा आवश्यकतानुसार वर्णन, व्याख्या तथा विश्लेषणात्मक पद्धति अपनाइएको छ । उद्देश्यमूलक नमुना छनोट गरी तोकिएको नाटकलाई लैङ्गिक समालोचना पद्धतिका स्थापित मान्यताका सापेक्षतामा व्याख्या र विश्लेषण गरिएको छ ।  विश्लेषणका लागि यस प्रकारको ढाँचा तय गरिएको छ :

(क) सामाजिक तथा सांस्कृतिक उत्पीडनप्रतिको प्रतिरोध

(ख) यौनजन्य उत्पीडनप्रतिको प्रतिरोध

## नतिजा र छलफल

### लैङ्गिक उत्पीडन र प्रतिरोधको सैद्धान्तिक स्वरूप

कुनै व्यक्ति महिला वा पुरुष वा तेस्रो लिङ्गी भएकै कारण उसलाई शारीरिक वा मानसिक रूपमा आघात पुग्ने गरी गरिने जस्तोसुकै हिंसालाई लैङ्गिक उत्पीडन भनिन्छ । यो लिङ्गका आधारमा गरिने भेद वा पक्षपातपूर्ण व्यवहार हो । लैङ्गिक उत्पीडनको सिकार महिला वा पुरुष वा तेस्रो लिङ्गी जो पनि हुन सक्छन् । लैङ्गिक उत्पीडनमा पुरुषका तुलनामा महिला बढी परेका देखिन्छन् । आमूल नारीवादले महिला उत्पीडित हुनाको मूल कारण पितृसत्तालाई मान्दछ । पितृसत्ता भनेको परिवारका बुज्रुक पुरुषको सत्ता वा शासन हो भन्दै कमला भासिनले

सिल्विया वैल्वीको कृति थियोराइजिङ पेट्रियार्कीमा प्रस्तुत भनाइलाई यसरी उल्लेख गरेकी छन् : यो एक यस्तो सामाजिक ढाँचा र रीतिरिवाजको व्यवस्था हो, जसअनुसार पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गर्छ तथा दमनशोषण गर्दछ (भासिन, सन् १९९८, पृ. ५)। पितृसत्ताले महिलाको प्रजननशक्ति तथा यौनिकतामाथि पनि नियन्त्रण गर्छ भन्ने आशय उनको देखिन्छ। नेपाली समाजमा महिलाहरूलाई अछुतका रूपमा गरिने व्यवहार; पितृसत्तात्मक नियन्त्रण; हिँडडुलमा नियन्त्रण; श्रम तथा आयआर्जनमा नियन्त्रण; शरीर तथा प्रजननमा नियन्त्रण; पारिवारिक सम्पत्ति, आर्थिक स्रोत तथा प्राकृतिक संसाधनमा नियन्त्रण; विचारधारा तथा विवेकमा नियन्त्रणजस्ता कारणले महिला सदियौँदेखि उत्पीडनमा पर्दै आएका छन् (भद्रा, २०६७, पृ. ३४–३७)। पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू परम्परा, धार्मिक नीतिनियम, नैतिकताका आधारमा नियन्त्रित हुन्छन्, जसले गर्दा उनीहरू सहनशील बन्न र उत्पीडनको सिकार हुन बाध्य हुन्छन् (पन्त, २०७५, पृ. १३)। अतः पितृसत्ताको वर्चस्वसँगै नारीप्रतिको विभेद र उत्पीडन आरम्भ भएको तथ्य स्वतः स्पष्ट छ। चेतनाका वर्तमान युगमा पनि नारीमाथिको उत्पीडन विभिन्न स्वरूपमा विद्यमान छ। परिवारदेखि लिएर राज्यका हरेक निकायमा महिलालाई पुरुषसरह व्यवहार गरेको देखिँदैन। समाजले महिलालाई हेर्ने दृष्टिकोणमा परिर्वतन गर्न सकेको छैन, जसले गर्दा घरभित्र र बाहिर जताततै महिला उत्पीडनमा परेका तथ्य हाम्रा सामु विद्यमान छन्।

पुरुषहरू पनि उत्पीडनमा परेका देखिन्छन्। कतिपय स्थानमा पुरुष कमजोर र महिलाद्वारा दबाइएकाले उत्पीडनमा परेका छन् (पौडेल, २०५९, पृ. ३२)। पुँजीवादी समाजमा महिलाहरूमात्र नभई पुरुषहरू पनि विभिन्न समस्या भोग्नुपरेकाले पीडित भइरहेका छन् (बार्कर, सन् २००१, पृ. ११५) तर पुरुषवादी सोचका कारण उनीहरू आफूमाथि भएका हिंसाका बारेमा बोल्न सकिरहेका छैनन्। आफ्ना समस्या बाहिर ल्याए पुरुषार्थमा धक्का लाग्ने डरले भित्रभित्रै पिल्सिरहेका छन्। पुरुष भएकाले महिलामाथि र महिला भएकाले पुरुषमाथि तथा पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिले समलिङ्गी यौनिकता भएका व्यक्तिमाथि र समलिङ्गी यौनिकता भएका व्यक्तिले पृथक् लिङ्गी व्यक्तिमाथि गर्ने अमर्यादित व्यवहारलाई लैङ्गिक हिंसा भनिन्छ (खनाल, २०७५, पृ. ३०)। यसबाट लैङ्गिक हिंसा भनेको महिलामाथि हुने हिंसामात्र नभएर पुरुषमाथि हुने हिंसा पनि हो भन्ने बुझिन्छ। बलात्कार भनेको यौनाङ्गमा गरिने जबरजस्तीमात्र नभई गुदद्वार वा मुखमा गरिने जबरजस्ती पनि हो (पिपमिर, सन् २००६, पृ. २७०)। पिपमिरका अनुसार विषमलिङ्गीमात्र होइन, समलिङ्गी पनि बलात्कारजन्य हिंसाको सिकार भई पीडित बन्ने देखिन्छ।

हिंसाअन्तर्गत यौनजन्य हिंसामात्र नभई भौतिक र मानसिक यातनाजस्ता विषय पनि पर्छन्, जसअन्तर्गत कुटपिट, खानपिनमा बन्देज, बेवास्ता, घृणा, तिरस्कारलगायतका हिंसाजन्य विषयहरूलाई समावेश गरिएको देखिन्छ । समाजमा पुरुषले मात्र होइन, महिलाले पुरुषमाथि समेत हिंसा र अधीनस्थता कायम गरेका हुन्छन् (भट्टराई, २०७७, पृ. १३८) । समाजमा महिलाहरू पुरुषद्वारा मात्र होइन, स्वयम् महिलाद्वारा पनि उत्पीडनमा परेका छन् । यस किसिमका उत्पीडनलाई लैङ्गिक अध्ययनमा समलिङ्गी उत्पीडन भनिन्छ (गुरागाई, २०७०, पृ. ६४) । यसका सामाजिक, आर्थिक, यौनिकलगायतका अनेकौँ कारण हुन सक्छन् । पितृसत्तात्मक सामाजिक संरचनामा कैयौँ नारीले पितृसत्ताका मान्यतालाई आन्तरिकीकरण गरी त्यसैअनुरूप बाँच्दै र बोल्दै आएका छन् । कैयौँ आमा र सासूहरूले आफ्ना छोरीबुहारीहरूलाई पिताकै कानुन मान्ने सल्लाह दिएका छन् साथै उक्त कानुनविपरीत गए चरित्रहीन कहलाउँछे भनिरहेका छन् (उप्रेती, २०६९, पृ. १७५) । यसबाट महिला महिलाद्वारा नै उत्पीडनमा परेको स्पष्ट भएको छ । यसरी समाजमा महिला वा पुरुष जोकोही पनि लैङ्गिक हिंसामा परेका देखिन्छन् । रिमालका नाटकमा पनि नारी वा पुरुषमा हुने यस किसिमका लैङ्गिक उत्पीडनको अभिव्यक्ति पाइन्छ ।

लैङ्गिक अध्ययनमा साहित्यिक कृतिविश्लेषणका लागि अवलम्बन गर्ने एक महत्त्वपूर्ण मापदण्ड प्रतिरोधसम्बन्धी मान्यता हो । सामान्य अर्थमा कुनै किसिमको आक्रमण वा बलप्रयोगलाई रोक्ने कामलाई प्रतिरोध भनिन्छ । सांस्कृतिक अध्ययनका सन्दर्भमा अन्याय, अत्याचार, दमन, उत्पीडनबाट सीमान्तीकृत बनाइएका वर्ग, जाति, लिङ्ग आदिले प्रभुत्वशाली र शक्तिमा रहेका वर्ग, जाति, लिङ्गका क्रियाकलापप्रति असहमति जनाउँदै उनीहरूलाई विस्थापित गरी आफू शक्तिमा आउन गरेको सङ्घर्ष वा शक्ति प्राप्तिका लागि गरिएको प्रयास नै प्रतिरोध हो (गुरुङ २०७०, पृ. १०७) । कुनै पनि समाजको प्रभुत्वशाली संस्कृतिमाथि कुनै समूह, वर्ग वा लेखक वा चिन्तकले जब प्रश्न गर्छन्, त्यहीँबाट प्रतिरोध सुरु हुन्छ (सुवेदी, २०६८, पृ. १३०) । फुकोका अनुसार जहाँ शक्तिको अभ्यास देखापर्छ, त्यहाँबाट त्यसका प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ४३) । शासकवर्गका विरुद्धमा विशिष्ट ढङ्गले उभिएको चेतना नै प्रतिरोध हो । जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ । दुई शक्तिका द्वन्द्वमा पारस्परिक प्रतिरोधपछि नै नयाँ शक्तिले जन्म लिन्छ ।

प्रतिरोध सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षासँग आधारभूत रूपले सम्बन्धित छ । त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ (बार्कर, २००८, पृ. ४५४) । समाजमा शक्तिशाली वर्गले आफ्नो शक्ति कायम गर्नका लागि अधीनस्थ वर्गमाथि दमनका प्रतिक्रियाहरू चालु राख्छ । यस्ता अवस्थामा अधीनस्थ वर्गले दमनविरुद्ध आवाज उठाउने प्रतिक्रिया नै प्रतिरोध हो । शोषण, अन्याय, अत्याचार तथा दमनका कारण

सीमान्तीकृत बनाइएका वर्ग वा समुदायले त्यसका विरुद्ध गरेको प्रतिकार नै प्रतिरोध हो । लैङ्गिक अध्ययनमा पितृसत्ता र सामन्तवादी सामाजिक, आर्थिक संरचनाद्वारा उत्पीडनमा परेका नारी, पुरुष र तेस्रो लिङ्गीको प्रतिरोधी चेतनाको अवस्था कस्तो रहेको छ, त्यसलाई उनीहरूले सहज स्वीकार गरेका छन् कि प्रतिकार गरेका छन् वा बौद्धिक वर्गले उनीहरूको आवाज उठाएका छन् कि छैनन् भन्ने कुराको अध्ययन गरिन्छ । गोपालप्रसाद रिमालको *मसान* नाटकमा तेस्रो लिङ्गीको उपस्थिति नरहेको साथै पुरुषमाथि हिंसा नभएकाले उत्पीडनमा परेका महिलामा निर्माण भएको प्रतिरोधी चेतना र त्यसले पारेका प्रभावको अध्ययन गरिएको छ ।

**मसान नाटकमा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाको विश्लेषण**

*मसान* नाटक लैङ्गिक विभेदका कारण महिलाले भोग्नुपरेको उत्पीडनप्रति विद्रोही देखिएको छ । यस नाटकमा विभेदकारी मूल्यबाट सिर्जित नारी उत्पीडनको प्रस्तुतिका साथै तिनै उत्पीडित नारी पात्रहरूमध्येबाट त्यसका विरुद्ध प्रतिरोध गराइएको देखिन्छ । यस नाटकमा अभिव्यक्त लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनालाई तलका शीर्षकमा प्रस्तुत गरिएको छ :

***सामाजिक-सांस्कृतिक उत्पीडनप्रतिको प्रतिरोध***

*मसान* नाटकले समाजमा विद्यमान विभेदकारी मूल्यमान्यताप्रति प्रतिरोध गर्दै त्यसका माध्यमबाट नारीमैत्री मूल्यको स्थापनाका लागि आवाज उठाएको देखिन्छ । नाटकमा महिला पात्र विभेदकारी सामाजिक तथा सांस्कृतिक परम्पराका कारण उत्पीडनमा परेका छन् । यसकी प्रमुख नायिका युवती (हेलेन) आफ्नै पतिद्वारा लैङ्गिक उत्पीडनको सिकार भएकी छ । नाटकको नायक कृष्णसँग उसको प्रेमविवाह भए तापनि कृष्णले उसलाई चिरयौवना राख्ने ध्येयले थाहा नदिईकन सन्तान नहुने औषधि खुवाइदिएर उसको मातृत्व हनन गरेको छ । सन्तानविहीन हुनुपर्दा ऊ मानसिक रूपमा प्रताडित भएकी छ । बाँझी हुनुको पीडा त उसलाई छँदै छ, त्यसमाथि मरेपछि दागबत्ती तथा पिण्ड दिने छोरो नहुँदा स्वर्गको ढोका बन्द हुन्छ भन्ने सामाजिक तथा सांस्कृतिक परम्पराका कारण ऊ विक्षिप्त हुन पुगेकी छ । आफू आमा बन्न नसक्नुको कारण आफ्नै श्रीमान् हो भन्ने कुराको सुइँकोसम्म नपाएकी युवती उल्टै त्यसको दोषी आफैँलाई ठहऱ्याउँछे र छोरो प्राप्तिका लागि कृष्णलाई दोस्रो विवाह गर्न आग्रह गर्छे । यस प्रसङ्गलाई उसैका अभिव्यक्तिलाई तलका उद्धरणमा प्रस्तुत गरिएको छ :

उद्धरण १

"बाँझी भएपछि आफ्नै छातीमाथि नाच्ने हरियाली त म कहाँ पाऊँ र मेरो छोरो होस्। त्यसमा तपाईंको अंश हुन्छ। त्यत्तिले नै मेरो छाती भरी हुन्छ। अनि भोटुभन्दा त्यो धेरै नजिक पनि हुन्छ" (पृ.४)।

उद्धरण २

"आमा हुने सौभाग्य त हुँदै भएन तर गरेर हुनेसम्म पाइएसम्म आमा नभई छोड्दिनँ। (पोइको नजिक गएर) तपाईं बिहे गर्दिनँ नभन्नोस् है यस पालि। यो धर्मपुत्र सर्मपुत्र पालेर केही पनि हुँदैन। हाम्रो आफ्नो छोरो चाहिन्छ" (पृ. ६)।

पितृसत्तात्मक सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताभित्र नारीले छोरी, बुहारी, आमा, पत्नी जुनसुकै भूमिकामा रहे तापनि उनीहरू विभेदग्रस्त हुनाका साथै अनेक प्रकारका उत्पीडन झेल्न बाध्य हुन्छन्। पुरुषले गल्ती गरे पनि त्यसको सजाय महिलाले भोग्नुपर्ने हुन्छ। विवाहपश्चात् सन्तान नहुँदा त्यसको दोष महिलालाई दिइने सामाजिक परिपाटीका कारण महिलाले त्यसमा कतै पुरुषको पनि कमजोरी थियो कि भनेर प्रश्न गर्ने हिम्मत गर्दैनन्। यसमा युवतीले पनि सन्तान नहुनाका पछाडि कतै श्रीमान्कै दोष हो कि भन्ने विषयमा कहिल्यै सोचेकी छैन बरु आफ्नै कमजोरी ठानी तनावग्रस्त जीवन बाँचिरहेकी छ। समाजमा नारी दोस्रो दर्जाका मानिस भएकाले उसले लोग्नेलाई पतिपरमेश्वरका रूपमा स्वीकार गर्नुपर्छ भन्ने मान्यताले समाज प्रशिक्षित रहेको छ। माथिका उद्धरणमा युवती यही पुरातन मान्यताको सिकार भएकी छ र लोग्नेलाई नै सर्वस्व ठानेर उसैका निगाहमा बाँच्नुपर्ने उसको अवस्था रहेको छ। आमा हुने सौभाग्य प्राप्त नभएको भनेर चिन्ता प्रकट गर्ने युवती आफैँलाई दोषी ठान्दै मानसिक रूपमा प्रताडित भएकी देखिन्छे। छोराछोरी नहुनेले धर्मपुत्र राख्ने प्रचलन भए पनि त्यसमा श्रीमान्को अंश नहुने, बरु उसको अर्को विवाह गरेर त्यसबाट जन्मेको सन्तानले पिण्ड दिँदा पितृको उद्धार हुन्छ भन्ने सामाजिक परम्पराका कारण पीडा सहेर पनि युवती सौता बेहोर्न तयार भएकी छ। पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू परम्परा, धार्मिक नीतिनियम, नैतिकताका आधारमा नियन्त्रित हुन्छन्, जसले गर्दा उनीहरू सहनशील बन्न र उत्पीडनको सिकार हुन बाध्य हुन्छन् (पन्त, २०७५, पृ.१३) भन्ने मान्यता यहाँ युवतीको जीवनमा लागु भएको छ। नाटकमा पितृसत्तात्मक सामाजिक संरचनाले फैल्याएको भ्रमका कारण युवती उत्पीडित भएकी छन्।

पतिलाई दोस्रो विवाह गराउन प्रेरित गर्ने युवती जब श्रीमान्ले घरमा कान्छी लिएर आउँछ तब मूर्च्छा परेर ढलेकी छ। आरतीस्याँउली गरेको हेर्न सकेकी छैन। टाउकामा पानीपट्टी राखेर नोकरचाकरलाई काम अराइरहेको दृश्यले ऊ उत्पीडनमा परेको स्पष्ट भएको छ, जुन कुरालाई पुष्टि गर्न तल उद्धरण प्रस्तुत गरिएको छ :

(नोकर्नीसित) "आरतीस्याँउली गरेको म पनि हेरुँला भनेको, ठाडो हुनै सक्तिनँ। भननन रिङटा लागिहाल्छ। (टाउकोको पट्टी लिएर) पानी हाल त यसमा अलिकति। (नोकर्नी त्यसै गर्छे) यसो माथि झ्यालबाट मात्रै हेर्छु भनेको पनि अड्न सकिनँ।" (पट्टी लाउँछे) "कसरी सक्नु त ? ब्यानमात्तै त्यसरी मूर्छा भो" (पृ.९)।

माथिका उद्धरणमा युवतीको अवस्था अत्यन्त दयनीय देखिन्छ। आफैँले पतिलाई अर्को विवाह गर्न सल्लाह दिए तापनि ऊ भित्रभित्र मानसिक रूपमा विक्षिप्त भएको बुझिन्छ। बाहिर नदेखाए पनि उसका अवस्थाले प्रताडित भएको स्पष्ट हुन्छ। त्यसैले श्रीमान्‌को अर्कीसँग भएको विवाहलाई हेर्न नसकेर ढलेकी छ। यी उद्धरणबाट समाजमा महिला मानसिक रूपमा कसरी उत्पीडित भइरहेका छन् भन्ने कुरा छर्लङ्ग भएको छ।

शोषण, उत्पीडन, वासना र पशुत्वका थिचोमिचोमा परेर अस्तित्वविहीन बन्न पुगेको महिलाको दयनीय अवस्थालाई चित्रण गर्दै त्यस्तो पुरुषवादी व्यवहारका विरुद्ध युवतीका माध्यमबाट प्रतिरोध गरिएको छ। "आफूलाई चाहिँ जे गरे पनि हुने अधिकार, अर्कालाई बिराउनै नहुने कर्तव्य ! यो कहाँको न्याय हो ?" (पृ. ६२–६३) भन्ने युवतीका अभिव्यक्तिबाट परम्परागत अनुदार पितृसत्तात्मक समाजमा पुरुषवर्गले सबै कर्तव्यजति नारीका टाउकामा थुपारी आफू मनलागी गर्दै आएको वास्तविकतालाई नाटकमा उतार्दै त्यस्ता पुरुषवादी मानसिकताको प्रतिकार गरिएको छ। प्रस्तुत *मसान* नाटकमा पुरुषप्रधान समाज अनि त्यसभित्रको लैङ्गिक विभेदका कारण महिला पात्रहरू मानसिक र भौतिक रूपमा प्रताडित भएका देखिन्छन्। नाटककी प्रमुख नारी पात्र युवतीमात्र होइन, अन्य नारी पात्रहरू दुलही, नोकर्नी वागमती र कृष्णकी बहिनी अर्थात् भोटुकी आमा पनि आफ्नै श्रीमान्‌द्वारा मानसिक तथा शारीरिक हिंसामा परेका छन्। नाटकमा दुलहीको अवस्था अत्यन्त कारुणिक रहेको छ। छोरो जन्माउनका लागि विवाह गरिएकी उसलाई पति कृष्णले बेवास्ता गरेको देखिन्छ। सौता रोगी, श्रीमान्‌ले उसलाई बेवास्ता गरेको र उसबाट सन्तान पनि नभएकाले दोस्रो विवाह गर्नुपरेको हो भनेर दुलहीलाई भनिएको भए तापनि सौता (युवती) निरोगी साथै पति र परिवारकी प्यारी भएकी बरु आफूलाई पतिले दिने आधारभूत माया पनि नदिएर अपमान गरेको बोध गरेपछि ऊ मानसिक रूपमा विक्षिप्त भएर कराएकी छ। दुलही प्राविधिक रूपमा आमा बने पनि घरेलु हिंसाबाट पीडित भएपछि उसले त्यसको प्रतिरोध यसरी गरेकी छ :

उद्धरण १

> "लौ यो बाहिरको ओठ त टम्म बन्द गरिदिन्छु, भित्र यो छाती चिरिएर चिच्याउँदो ओठ भएको कल्ले सुनेर बन्द गरिदिने ? खटनको मानो त भैगो जिनतिन घाँटीबाट छिर्ला, तर यो खटाई खटाई दिएको माया, यो लोलोपोतो !" (पृ. ४१)

उद्धरण २

"अनि त्यस्ती असल बुहारी छँदाछँदै मलाई यो घरभित्र किन हुलेको तपाईंहरूले ? उही पनि ढाँटेर । एउटा हरबखतकी रोगी मन नपरेकी सौता छ भनेर । (रोएर) बाझ्ने कुरा हैन बजै, मैले साँचो कुरा गरेर दुःख पुकारा मात्र गरेकी हुँ" (पृ. ४५) ।

पुरुषप्रधान सोचका कारण समाजमा महिलामाथि दमन भएको पाइन्छ । पितृसत्तात्मक आचारसंहिताका निर्माता पुरुष भएकाले उनीहरूले महिलाप्रति पक्षपातपूर्ण नियमहरू बनाएका हुन् (भट्टराई, २०६८, पृ. २७०) । नाटकमा पितृसत्ता निर्णायक रहेको र उसैका मनलागीमा घरमा जेठी हुँदाहुँदै ढाँटेर कान्छी विवाह गरिएको अनि उसलाई पनि बेवास्ता गरी मृत्युका मुखमा पुऱ्याइएको अवस्था उद्‌घाटित भएको छ । यहाँ कृष्णले दुलही (कान्छी श्रीमती) लाई गरेको दुर्व्यवहार सहन नसकेर उसले रुँदै आफ्नो पीडा वागमती र सासूसँग पोखेकी छ । तत्कालीन नेपाली नारीहरू अनमेल तथा बहुविवाहजस्ता गलत वैवाहिक प्रचलनका सिकार भएका छन् । दुलहीले आफूमाथि भएका उत्पीडनका विरुद्ध आवाज उठाएकी छ तर त्यो आवाज पुरुषसत्ताका दबदबामा धिमा नै लाग्छ ।

नाटकमा स्थापित सामाजिक तथा सांस्कृतिक मूल्यभित्र आफ्नो अस्तित्वको खोजी गर्ने अर्की नारी पात्र वागमती हो । ऊ स्वाभिमानी देखिन्छे । एउटा छोरासमेत भइसकेपछि श्रीमान्ले अर्की ल्याएर उसलाई घरबाट निक्लन बाध्य गरेका अवस्थामा ऊ न निरीह भएर श्रीमान्सँगै बसेकी छ, न माइतीका शरणमा गएकी छ; बरु कामदारका रूपमा कृष्णका घरमा बसेर स्वयम्ले आफ्नो भविष्य निर्माण गर्ने निर्णय गरेकी छ । जहाँ शक्तिको अभ्यास देखापर्छ, त्यहाँबाट त्यसका प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ४३) भन्ने फुकोको मान्यताअनुसार वागमतीले आफूमाथि शक्ति प्रयोग गर्नेका विरुद्ध प्रतिकार गरेकी छ । ऊ कमजोर भएर सौता हाल्ने श्रीमान्सँगै बसेकी छैन । घरबाट निस्केर आफैँ गरिखानु भनेको प्रतिकार गर्नु हो । जति दुःख पाए पनि उसले आफूलाई कमजोर ठानेकी छैन । रोएर समस्याको समाधान नहुने, बरु त्यसलाई डटेर सामना गर्नुपर्ने आशयका सन्दर्भलाई वागमतीकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

"रोएर केही पनि हुँदो रहेनछ । मेरो कुरा त मैले हजुरलाई भनेको छैन । म पनि खूब रोएकी छु । रोएर केही भएन । मेरो दुःख त हेर्नुस् बजै ! मैले हजुरले जस्तै दुःख पाएकी छु । म यसरी अर्काको चाकरी गरेर एक गाँस जुराउनुपर्ने घरकी मानिस हैन । मेरो माइततिर पनि घरतिर पनि एक मानाको पूरा जोरजाम छ । हजुरले जस्तै मैले पनि एउटा छोरो पाएँ । पहिलेदेखिकै माया छँदै थियो । झन् छोरो जस्तो पाएपछि थपिएला भनेको त निठुरी पापीले अर्कीलाई पो ल्याएर घरभित्र हुलिदियो । अनि घरमा म टिक्न सकिनँ । थसुली

मोरी घरभरिकी भैदी। म नअटाउने भएँ। बजै, यो लोग्नेमान्छेको जातलाई मासुको थुप्रो भए पुग्दो रहेछ। मलाई निक्लिए हुँदो हो जस्तो गर्न थाल्यो। म पनि माइतमा पनि नगएर माइतको हेला को सहन जाओस् भनेर यहाँ चाकरी गर्न थालेँ। त्यसो गरेर दिन काटेको पनि १२-१५ वर्ष भैसक्यो। कति रोइसकियो कति ! दुःखीको दैव सहाय भन्छन्, खै" (पृ. ४२) ?

पितृसत्तात्मक समाजमा नारीमाथि कस्तो व्यवहार गरिन्छ र त्यसका विरुद्ध उनीहरूले कसरी प्रतिकार गर्छन् भन्ने उदाहरण माथिको उद्धरणमा वागमती पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ। छोरो जन्मेपछि लोग्नेले कान्छी ल्याउनु अनि त्यहाँ टिक्न नसकेर घरबाट निक्लन बाध्य हुनु, माइतमा पनि जान सक्ने वातावरण नभएर अर्काका घरमा नोकर्नी भएर जीवन गुजारा गर्नु अनि परिवार तथा आफन्तदेखि एक्लो हुनुपर्दा रोएर दिन कटाउनु र त्यस्ता परिस्थितिमा पनि विचलित नभई निरन्तर काममा लाग्न सक्नु उसको सामर्थ्य हो। १२-१५ वर्षदेखि एक्ली हुँदा पनि उसलाई कसैले खोजी गरेको देखिँदैन तापनि ऊ एक्लै बाँचिरहेकी छ। ऊ कमजोर भएर कसैका शरणमा परेकी छैन। यही नै प्रतिकारको दरिलो उदाहरण हो। पुरुषप्रधान समाजमा पुरुषलाई जतिवटी ल्याए पनि, तिनीहरूसँग जस्तो व्यवहार गरे पनि छुट हुन्छ। उसलाई त्यस विषयमा कसैले प्रश्न गर्न सक्दैन। यदि प्रश्न गरिहाले पनि उसले सबै दोष महिलालाई लगाएर आफू पन्छिन सक्ने वातावरण समाजले नै निर्माण गरिदिएको हुन्छ। महिलाले कुनै गल्ती नगरे पनि ऊ कतिखेर शारीरिक र मानसिक हिंसाको सिकार हुन्छे, उसलाई थाहा नै हुँदैन। यस नाटकमा वागमती पनि विनाकारण लोग्नेबाट हिंसामा परेर पीडित भएकी छ तर ऊ निरीह भएर चुप लागेकी छैन। उसले त्यसका विरुद्ध प्रतिरोध पनि गरेकी छ। त्यसको बलियो उदाहरण विनाकारण आफूमाथि सौता हाल्ने पतिलाई छाडेर एक्लै बाँच्ने निर्णय गर्नु हो।

यस नाटकमा उपस्थित अर्की सहायक नारी पात्र भोटुकी आमाको अवस्था पनि कारुणिक रहेको छ। दुईवटा बच्चाकी आमा भइसकेकी उसले झेलेको विभेद र उत्पीडन अत्यन्त कष्टकर देखिन्छ। मानसिक पीडामात्र होइन, पिटाइ पनि खाइरहेको अवस्थालाई उसका यस अभिव्यक्तिले पुष्टि गर्दछ : "आमा, तपाईं यहाँ मसित कराउनुभन्दा बरु जुवाइँकहाँ गएर उसको बाघपञ्जाबाट तपाईंकी छोरीलाई उम्काएर ल्याउनोस्। नानीको आङ्भरि नीलडाम छ रे। कुन चाहिँ रण्डीकहाँ भुलेर चारचार पाँचपाँच दिनसम्म घरबाट बेपत्ता हुन्छ रे। घरकी स्वास्नीको आहार जुरोस् नजुरोस्" (पृ. ५०)।

पितृसत्तात्मक समाजमा नारीले कुनै न कुनै रूपमा उत्पीडन भोगिरहेका हुन्छन्। माथिका साक्ष्यमा कृष्णकी बहिनी अर्थात् भोटुकी आमा उत्पीडनको सिकार भएको बुझिन्छ। ऊ आफ्नै पतिद्वारा मानसिक र

शारीरिक हिंसामा परेकी छ । श्रीमान्ले रक्सी पिएर कुटपिट गर्नुका साथै बाहिर बाहिर केटी राखेर उसलाई शारीरिक र मानसिक पीडा दिइरहेको छ । लामो समयसम्म रखौटीसँग बेपत्ता हुने, घरपरिवारको बेवास्ता गर्ने श्रीमान्का विरुद्ध उसले प्रतिरोध गर्न सकेको देखिँदैन । श्रीमान् भगवान् हुन् । उसले जे गरे पनि श्रीमतीले सहनुपर्छ भन्ने मान्यताले समाज प्रशिक्षित भएकाले उसले लोग्नेका विरुद्ध बोल्न सकेकी छैन । ऊ शारीरिक र मानसिक यातना सहेर पनि लोग्नेकै घरमा बस्न बाध्य भएकी छ । यसबाट सामाजिक तथा सांस्कृतिक परिवेश महिलाहरूप्रति विभेदकारी रहेको देखिन्छ ।

***यौनजन्य उत्पीडनप्रतिको प्रतिरोध***

पितृसत्ताअन्तर्गत महिलाको सामाजिक तथा सांस्कृतिक पक्षमात्र होइन, यौनजन्य तथा प्रजननसम्बद्ध पक्ष पनि पुरुषनियन्त्रित हुने हुनाले नारीहरू उत्पीडनको सिकार भइरहेका हुन्छन् । महिलाहरू परिवार तथा नाताभित्रकै पुरुषबाट यौनहिंसाको सिकार भएर पनि आफ्नो पीडा समाजसामु खुलेर व्यक्त गर्न सक्दैनन् । विवाहित महिलाका लागि यौनहिंसा झनै अव्यक्त हुने गर्छ । कतिपय अवस्थामा त महिलाले आफूमाथि यौनहिंसा भएको थाहा पनि पाउँदैनन् । आफ्ना श्रीमतीलाई सधैँ युवती राख्ने ध्येयले श्रीमान्हरूले उनीहरूलाई थाहा नै नदिई बच्चा नहुने औषधि खुवाएर यौनदासी बनाइरहेका हुन्छन् । यस नाटकको नायक कृष्णले पनि नायिका युवतीको यौनजन्य तथा प्रजननसम्बद्ध पक्ष नियन्त्रित गरेको छ । ऊ उत्पीडनमा परेका कुरालाई कृष्णका अभिव्यक्तिले यसरी स्पष्ट पारेको छ : "तिमीलाई थाहा नै छैन, हेर न तिमीले छोराछोरी नपाएकी मैले गरेर । मैले  छोराछोरी नपाउने औषधि खुवाएर, तिमीलाई थाहा नै नदिएर । बुझ्यो अब त" (पृ. ५४) !

माथिका साक्ष्यमा कृष्णले युवतीलाई थाहा नै नदिई बच्चा नहुने औषधि खुवाएर उसलाई आमा हुने अधिकारबाट वञ्चित गरेको छ । अर्थात् कृष्णद्वारा युवतीको प्रजननसम्बद्ध तथा यौनजन्य पक्ष नियन्त्रित भएको देखिन्छ । बच्चा जन्मेपछि अपेक्षाकृत यौनसन्तुष्टि प्राप्त नहुने ठानी उसले श्रीमतीलाई माया गरेको नाटक गरी यौनतृप्तिको साधन बनाइरहेको देखिन्छ । कृष्णले सहमतिमा नै युवतीलाई आफूअनुकूल प्रयोग गरिरहेको पाइन्छ । इटालियन दार्शनिक अन्तोनियो ग्राम्चीका अनुसार पितृसत्ताले आफ्नो शासन सत्ताको प्रभुत्व कायम गर्न बलको मात्र प्रयोग गर्दैन, वार्ता र सहमतिमार्फत पनि प्रभुत्व निर्माण गर्छ (श्रेष्ठ, २०६८, पृ. ३९–४०) अथवा पुरुषप्रधान समाजमा पुरुषले महिलालाई सहमति वा दमनद्वारा जसरी भए पनि आफ्नो नियन्त्रणमा लिन्छन् र आफूअनकूल प्रयोग गरिरहन्छन् भन्ने कुरा कृष्णले युवतीमाथि गरेका व्यवहारका माध्यमबाट उद्घाटित भएको छ । यहाँ लैङ्गिक दृष्टिले पितृसत्तात्मक सामन्ती संरचनालाई नै निरन्तरता दिइएको बुझिन्छ ।

पुरुषप्रधान समाजमा काम-राजनीतिले भूमिका खेल्ने गरेको देखिन्छ । केट मिलेटले सन् १९६९ मा काम–राजनीति नामक पुस्तकमा प्रचलित सामाजिक शक्तिसंरचनाका कारण पुरुषले नारीको दोहन गरी उसमाथि आधिपत्य जमाएको छ भन्ने भाव व्यक्त गरेकी छिन् (शर्मा र लुइटेल, २०७२, पृ. ३७४) । माथिका साक्ष्यमा कृष्णले युवतीमाथि गरेको व्यवहार यसकै (काम-राजनीतिको) उपज मान्न सकिन्छ । नारीको यौवन र सौन्दर्य रहुन्जेल उनीहरूप्रति आकर्षित हुने र ती कुरा समाप्त भएपछि बेवास्ता गर्ने पुरुष प्रवृत्ति नै काम-राजनीतिका रूपमा परिभाषित देखिन्छ । कृष्ण स्वयम् कामुक व्यक्ति हो । ऊ श्रीमतीमाथि काम-राजनीति गर्न उद्यत छ । त्यसैले उसले श्रीमतीलाई हरबखत ताजै राख्ने मनसायले उसलाई गर्भनिरोधक औषधि खुवाएर आमा हुनबाट वञ्चित गरेको छ । यसरी कृष्णले युवतीको यौनजन्य तथा प्रजननसम्बद्ध हक नियन्त्रित गरी उसको शोषण र दोहन गरिरहेको देखिन्छ ।

युवतीले श्रीमान्का कारण आफू आमा बन्न नसकेको कुरा जब उसैका मुखबाट थाहा पाउँछे, तब ऊ किङ्कर्तव्यविमूढ हुन पुग्छे । आफूले हिजो जसलाई पतिपरमेश्वर मानेर पुजेकी थिई, आज त्यही पुरुष एकाएक राक्षस भएको थाहा पाएपछि ऊ मर्माहत भएकी छ । त्यसपछि भने उसले आफ्नो अस्तित्वको बोध गरी आफूमाथि अन्याय गर्ने श्रीमान् र उसको घरलाई सधैँका लागि छोडेर हिँड्ने निर्णय सुनाएकी छ । युवतीको यौनजन्य तथा प्रजननसम्बद्ध हकको नियन्त्रणका विरुद्धको प्रतिरोधलाई यस कथांशबाट पुष्टि गर्न सकिन्छ : "यहाँवहाँ त मलाई थाहा छैन । यत्ति थाहा छ, मलाई यो घरमा एकैछिन पनि बस्न मन छैन । स्वास्नीमान्छेहरू पनि एक्लै निर्भय हिँड्न सक्छन् । हो, म यो *मसान*मा  एकछिन पनि टिक्न सक्तिनँ, यो घरमा स्वास्नीमान्छेहरूको जिउँदै दागबत्ती हुँदो रहेछ" (पृ. ६१) ।

विवाहपश्चात् नारीलाई पतिको इच्छा र चाहनाअनुसार चल्ने कठपुतलीका रूपमा हेर्दै आएको परम्परागत सामाजिक तथा सांस्कृतिक मान्यताप्रति विद्रोहको अभिव्यक्ति माथिको कथांशमा प्रस्तुत गरिएको छ । महिला केवल पुरुषका भोग्या र यौनदासी होइनन्, त्यसैले उनीहरू यौनजन्य उत्पीडन सहँदैनन् भन्ने आशयले रिमालले युवतीलाई उत्पीडनका विरुद्ध प्रतिकारमा उतारेका छन् । यस तथ्यका पुष्टिका लागि माथिका कथांशलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ । मायाको नाटक गरी आफूलाई यौनतृप्तिको साधन बनाएको र आफ्नो मातृत्वहक छिनेको थाहा पाएपछि पत्नी युवतीले पति कृष्णसँगै बस्न नसक्ने अभिव्यक्ति दिएकी छ । उसको उक्त भनाइ यौनिक उत्पीडनप्रतिको प्रतिकार हो । आफूले देवतासरह विश्वास गरेका मान्छेबाट नै धोका खाएपछि त्यस्तो व्यक्तिसँगै रहनुको औचित्य समाप्त भएको ठान्ने युवतीले सधैँका लागि ऊ र उसको घर छोड्ने निर्णय गरेकी छ । यस्ता अवस्थामा उसले आफ्नो भविष्यको निर्णय स्वयम्ले गरेकी छ । ऊ न माइतीको शरणमा परी, न

लाचार बनी पतिसँगै बसी; बरु स्वास्नीमान्छेहरू पनि एक्लै निर्भय बाँच्न सक्छन् भन्ने सङ्केत गर्दै त्यहाँबाट निस्की । यस नाटकमा पुरुषविना महिलाको अस्तित्व स्वीकार नहुने पुरातन मान्यतालाई युवतीजस्ता नारी पात्रका माध्यमबाट चुनौती दिइएको छ । यो पक्ष प्रतिरोधी चेतनाको बलियो उदाहरण हो ।

नाटकमा यौनजन्य उत्पीडनमा परेकी अर्की नारी पात्र वागमती पनि हो । एउटा छोरोसमेत भइसकेपछि श्रीमान्ले अर्की महिलालाई श्रीमती बनाएर आफूलाई पीडा दिएका परिवेशले उसलाई पुरुषद्वेषी बनाएको छ । त्यसैले उसले त्यस्ता पीडकलाई सदाका लागि छोडेर हिँडेकी छ । उसको यौन-उत्पीडन र त्यसप्रतिका प्रतिरोधलाई तलका उदाहरणबाट पुष्टि गर्न सकिन्छ :

> “हजुरले जस्तै मैले पनि एउटा छोरो पाएँ । पहिलेदेखिन्कै माया छँदै थियो । झन् छोरो जस्तो पाएपछि थपिएला भनेको त निठुरी पापीले अर्कीलाई पो ल्याएर घरभित्र हुलिदियो । अनि घरमा म टिक्नै सकिनँ । थसुल्ली मोरी घरभरिकी भैदी । म नअटाउने भएँ ।  बजै, यो लोग्नेमान्छेको जातलाई  मासुको थुप्रो भए पुग्दो रहेछ । म पनि माइतमा पनि नगएर माइतको  हेला को सहन जाओस् भनेर यहाँ चाकरी गर्न थालेँ । त्यसो गरेर दिन काटेको पनि १२-१५ वर्ष भइसक्यो” (पृ. ४२) ।

वागमतीको उक्त विचार तथा गतिविधि पनि महिला वर्गले सदियौँदेखि झेल्दै आएको यौनजन्य उत्पीडनविरुद्धको प्रतिरोध हो । सन्तानको जन्मसँगै महिलाबाट अपेक्षाकृत यौनसन्तुष्टि कम हुन्छ भन्ने मानसिकताले ग्रसित आफ्ना श्रीमान्ले दोस्री महिलालाई कान्छी बनाएर ल्याएपछि ऊ दुःखी भएकी छ । श्रीमान्का व्यवहारबाट रुष्ट भएकी वागमतीले पतिलाई कामुक व्यक्तिका रूपमा देख्छे अनि उसबाट मुक्त हुँदा मात्र आफ्नो अस्तित्वको रक्षा हुने ठान्छे र उसलाई त्यागिदिन्छे ।

नाटककी अर्की नारी पात्र दुलही पनि यौन-उत्पीडनको सिकार भएकी छ । सन्तानको प्राप्तिका लागि विवाह गरिएकी उसलाई पति कृष्णले गरेको व्यवहार अक्षम्य देखिन्छ । पतिका दुर्व्यवहारबाट मर्माहत भएकी उसले कृष्णका नक्कली प्रेमलाई यसरी अस्वीकार गरेकी छे, जसलाई दुलहीका यस भनाइले स्पष्ट पारेको छ :

“(कराएर) खान्नँ, खान्नँ भन्या म । जानोस्, अब तपाईं किन आएको मकहाँ ? मेरो के काम छ ? जानोस्, मलाई तपाईंहरूको दया चाहिन्न चाहिन्न” (पृ. ४८) ।

पतिले आफूलाई सच्चा प्रेम नगरेको, केवल सन्तान उत्पादन गर्ने मेसिनका रूपमा मात्र उपयोग गरेको थाहा पाएपछि कृष्णलाई अपराधी ठहऱ्याउँदै उसबाट अलग हुन खोजेकी छ । त्यस्तो पतितसँग बस्नुभन्दा त मृत्युलाई स्वीकार गर्नु उपयुक्त ठान्दै औषधि खान अस्वीकार गरेकी छ । उसको विचार पितृसत्तात्मक सामन्ती

संरचना विद्यमान भएका समाजमा नारीले युगौँदेखि खप्दै आएको यौनजन्य उत्पीडनप्रतिको प्रतिरोध हो । नाटकमा महिलाको यौनजन्य तथा प्रजननसम्बद्ध अधिकारप्रतिको सचेतता र सो अधिकार पुरुषनियन्त्रित हुँदाको असन्तुष्टि व्यक्त भएको पाइन्छ । नाटकमा अभिव्यक्त भएको यस प्रकारका प्रतिरोधी चेतनाले पितृसत्तात्मक मूल्यभित्र यौनजन्य उत्पीडन झेल्न बाध्य महिलाहरूलाई यौनजन्य अधिकारको खोजी तथा त्यस प्रकारका उत्पीडनबाट मुक्तिका लागि प्रेरित गरेको देखिन्छ ।

**निष्कर्ष**

गोपालप्रसाद रिमालको *मसान* नाटकलाई लैङ्गिकताअन्तर्गत लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका आधारमा विश्लेषण गरेपछि यसमा पितृसत्तात्मक नेपाली समाजमा नारीमाथि हुने लैङ्गिक उत्पीडनका विरुद्धको सशक्त आवाज प्रस्तुत भएको देखिन्छ । नाटकमा प्रयुक्त नारी पात्रहरूलाई नियाल्दा उनीहरू पुरुषवादी मूल्यमान्यताभित्र सामाजिक-सांस्कृतिक तथा यौनिक आधारमा अनेक प्रकारका मानसिक एवम् शारीरिक उत्पीडन सहन बाध्य भएका तर उनीहरू यस्तै उत्पीडनका बिचबाट प्रतिरोध गरेर नवीन संस्कृतिको निर्माण गर्न सफल भएकाले प्रतिरोधी चेतनाका दृष्टिले नाटक सशक्त देखिन्छ । लेखकले अस्तित्वबोधी नारी पात्र युवती र वागमतीलाई उभ्याएर सामाजिक-सांस्कृतिक तथा यौनजन्य सन्दर्भमा आफ्नो (नारीको) पहिचान खोज्न प्रेरित गरेका छन् । रिमालले नाटकमा लैङ्गिक उत्पीडन र प्रतिरोधको सन्दर्भलाई प्राथमिकता दिएर लैङ्गिक रूपमा किनारीकृत महिलाको आवाजलाई महत्त्वका साथ प्रस्तुत गरी शक्तिशाली बनाएको पाइन्छ । नारीले दुलही तथा भोटुकी आमाले जस्तै पुरुषको दमन सहन हुँदैन, बरु वागमती र युवतीले झैँ लैङ्गिक उत्पीडनका विरुद्ध क्रान्ति गर्नुपर्छ अनि मात्र पुरुषवादी प्रवृतिमा परिवर्तन आउँछ भन्ने सचेत विचार यस नाटकमा सघन रूपमा प्रस्तुत भएको देखिन्छ । पुरुषविनाका महिलाको अस्तित्व स्वीकार नहुने पुरातन मान्यताविरुद्ध पनि नाटकले चुनौती दिएको छ । गोपालप्रसाद रिमाल लैङ्गिक समस्यालाई औँल्याउने मात्र होइनन् कि त्यसको व्यावहारिक समाधानतर्फ पनि उन्मुख देखिन्छन् । उनका नाटकले नेपाली समाजको एउटा कालखण्डमा व्याप्त उत्पीडनकारी सामाजिक संरचना र संस्कृतिलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेकोमात्र छैन, त्यसको व्यावहारिक समाधानको बाटो देखाउन पनि सक्षम भएको छ । यही नै *मसान* नाटकको महत्त्वपूर्ण उपलब्धि हो । पितृसत्तात्मक सामन्ती समाजका उपेक्षित नारीमाथिको दमन र त्यसका विरुद्ध उनीहरूले गरेका प्रतिकारको पक्ष निर्णायक भएकाले यो नाटक लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका दृष्टिले सशक्त देखिन्छ ।

**सन्दर्भसामग्री**


उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा* (चौ. सं.), अक्षर क्रियसन्स ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग*, सनलाइट पब्लिकेसन ।

गुरागाईं, राधिका (२०७०), *प्रेमपिण्ड नाटकको लैङ्गिक अध्ययन*, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि. ।

गुरुङ, सुशान्त (२०७०), भूमण्डलीकरण र सांस्कृतिक अध्ययन, *भृकटी* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), १०३-११२ ।

पन्त, साधना 'प्रतीक्षा' (२०७५), *लैङ्गिक समालोचनाः सिद्धान्त र प्रयोग*, कृति प्रकाशन ।

पिपमिर, आलिसोन (सन् २००७), रेप, लेसिल एल. हे वुड (सम्पा.), *दिविमेन्स मुभमेन्ट टुडेः एन इन्साइक्लोपेडिया अफ थर्ड वेभ फेमिनिजम*, भोल्युम वान, रावत पब्लिकेसन्स ।

पौडेल, तुलसीराम (२०५९), *लैङ्गिक अध्ययनको रूपरेखा* (दो. सं.), निमा पुस्तक प्रकाशन ।

बार्कर, क्रिस एन्ड डारिउज गालासिन्स्की (सन् २००१), *कल्चरल स्टडिज एन्ड डिस्कोर्स एन एनालिसिसः ए डाइलग अन ल्याङ्ग्वेज एन्ड आइडेन्टिटी*, सेज पब्लिकेसन्स ।

बार्कर, क्रिस (सन् २००८), *कल्चरल स्टडिज थ्योरी एन्ड प्राक्टिस* (ते. सं.), सेज पब्लिकेसन्स ।

भट्टराई, रमेशप्रसाद (२०६८), लैङ्गिक समालोचना, राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), (पृ. २५९–२७३), रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*, भुँडी पुराण प्रकाशन ।

भद्रा, चन्द्रा (सम्पा.) (२०६७), *लैङ्गिक अध्ययन*, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

भासिन, कमला, (सन् १९९८), *ह्वाट इज प्याट्रियार्की ?* (दो. सं.), कली फर विमिन ।

रिमाल, गोपालप्रसाद, (२०६३), मसान (अ. सं.), साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौ. संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, अभि (२०६८), सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास, राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.) रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड), (पृ.१२५–१३९), रत्न पुस्तक भण्डार ।